संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

बर्ष-१५, अंक ३६८ साउन ११ सोमबार,२०७८, July-26 Monday2021, यलेदुङ (किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ पृष्ठ -४ मूल्य रु. १०/- www.majhkharka.com




## १७ हजार ग्यास सिलिण्डर मासिक उदयपुरमा खपत

❖ बुद्धि कुमार राई

*उदयपुर, साउन १०*

उदयपुर जिल्लामा सहरिकरण बढेसङ्गै गाउँ गाउमा ग्यास सिलिन्डर प्रयोग गर्ने उपभोक्ताको सङ्ख्या बढे पछि अहिले उदयपुरमा ग्यास सिलिण्डरको बिक्रिमा ह्वात्तै बृदी भएको छ ।अहिले उदयपुर को गाइघाटमा विभिन्न ९ कम्पनीको ग्यास सिलिण्डरहरु बिक्रि भइरहेको छ ।




रिजाल ग्यास कृष्ण कनिया इन्टरप्राइजेजका नन्दकिशोर, नारायणी ग्यास अर्जुन तिम्सिना, कोशी ग्यास माधब बानिया र निरा राई, सुपर ग्यास सिद्दिबिनायक भाडा पसल अजय साह,पृमा ग्यास, कामथ्य ग्यास अर्जुन साह, सुबिधा ग्यास राम प्रमोद साह, जगदम्बा ग्यास नन्दकिशोर साह, कन्काइ ग्यास रमानन्द साह, पृमा ग्यास दिनेश श्रेश्ठ, र पृमा सुपर ग्यास बिक्रि भइरहेको छ । यी मध्ये मासिक रुपमा सबै भन्दा धेरै रिजाल ग्यास मासिक ११ हजार खपत हुन्छ । उदयपुर, खोटाङ गरेर ११ हजार खपत हुन्छ । नारायणि ग्यास महोत्तरी जिल्लाको बर्दिबास, कामथ्य ग्यास सुनसरी जिल्लाको झुम्का, पृमा ग्यास सुनसरी जिल्लाको पकलिबाट आयात गरिन्छ ।

न्युनतम २० लाख लगानी गरेपछी कुनै पनि ग्यासको डिलर राख्न पाइन्छ । २० लाख लगानिमा कुनै पनि कम्पनिको ५ सय ग्यास सिलिण्डर बिकृ गर्न दिन्छ । कोशी ग्यासको लागि भने न्युनतम २५ लाख लगानी गर्दा १४ सय ग्यास सिलिण्डर दिने गर्दछ ।

कम्तिमा ५५ सय देखि ७ हजार सम्म पर्ने ग्यास सिलिण्डर को बिक्रि पछिल्लो समय बढेको छ। नारायणी ग्यास मासिक २ हजार, कोशी ग्यास मासिक १५ सय, सुपर ग्यास मासिक २ सय, पृमा ग्यास मासिक ५ सय, कामथ्य ग्यास मासिक ४ सय, सुबिधा ग्यास मासिक ५ सय, कन्काइ ग्यास मासिक २६ सय बिक्री भइरहेको बिक्रेताहरुले जनाएको छ ।

पछिल्लो समय उदयपुर को सामुदायिक बन उपभोक्ता समितिहरुले आफ्ना उपभोक्ताहरुलाइ निशुल्क ग्यास बितरण गर्न थालेपछि उदयपुरमा ग्यास सिलिण्डरको खपत बढेको छ ।

## बत्ती बाल्न के गर्नु पर्छ ?

❖ मुलुकी सबाददाता

*गाइघाट, साउन १०*

गाइघाट को लोकतान्त्रिक पिपल चोक देखि ७० मिटर उत्तरमा सिटिहल छ। त्यही सिटिहल को छेउबाट बोक्से जाने सडक छ। यो सडक नेपाल पत्रकार महासङघ उदयपुर शाखा को कार्यालय, जिल्ला सम्वनय समितिको कार्यालय, जिल्ला प्रहरी कार्यालय जान सडक प्रयोग हुन्छ ।

यो सडक अहिले कालोपत्रे नहुदा सर्बसाधरणहरु अर्कै कालोपत्रे सडक भएर आवत जावत गर्छन ।सो सडकमा १० वटा सडकबत्ती छन् । स्थानिय शिला दाहालको घर अगाडिको दुई वटा सडक बत्ति बिग्रेर नबलेको दुई महिना भयो । खड्काले वडाध्यछ बिश्वराज भटराइलाइ पटक- पटक फोन गरेर बनाइदिन आग्रह गरे। वडा नम्बर ११ गाइघाटका वडाध्यछ भटराइले बनाइदिने बाचा गरे। तर अहिले सम्म सडक बत्ती बलेको छैन। उक्त सडक कालोपत्रे नबन्दा पैदलयात्रुहरु अर्को कालोपत्रे सडक भएको ठाउबाट हिड्ने गरेका छन्। सिटिहल बाट बोक्से जाने सडक कालोपत्रे नहुदा वर्षा समयम हिलाम्मे हुन्छ । अहिले सर्बसाधरण सो बाटो नहिडि वडाअध्यछ बिश्वराज भट्टराई को घर भएको रोडको उल्टो पटि बनेको कालोपत्रे सडकबाट नेपाल पत्रकार महासङघ उदयपुर शाखाको भबन हुँदै जिल्ला सम्वनय समिती, जिल्ला प्रहरी कार्यालय जाने आउने गर्दछन् ।

सडक हिल्लाम्मे त्यसमाथी सडक मा भएको दुई वटा सडकबत्ती नबल्दा स्थानिय त्रसित भएका छन्। रातिको समय मा सो बाटोमा घर भएका स्थानियहरु त्रसित भएका छन । वडा नम्बर ११ का वडाध्यछ बिश्वराज भटराइलाई बाराम्बार फोन गर्दा पनि सडकबत्ती नबनाएको आरोप छ। वडाध्यछ भट्टराईलाई मुलुकिले बत्ती बारे बुझ्दा बर्षाको समय भएर बनाउन समस्या भएको जानाकारी दिए ।

## मालपोत उदयपुरमा को को छन् ?

❖ मुलुकी सबाददाता

*गाइघाट, साउन १०*

मालपोत कार्यालय उदयपुरमा हाल उपसचिबको कोटा रहे पनि शाखा अधिकृतले मालपोत प्रमुख भयर कार्यालय संचालन गरिरहेका छन ।



अहिले मालपोत कार्यालय उदयपुरमा शाखा अधिकृत नबरराज खड्काको नेतृत्वमा २४ जना कर्मचारी कार्यरत छ्न । उपसचिब को कोटा रहेको मालपोत कार्यालय उदयपुरमा यस अघि २०७४ सालमा उपसचिव घनश्याम न्योउपाने २ महिना हाजिर मात्र भयर वालिङ नगरपालिका स्याङ्जाको प्रशासकिय अधिकृत भयर सरुवा भएका थिए ।

उनी पछि पनि उदयपुरमा उप सचिब तहको दुई कर्मचारीको सरुवा भएकोमा उनिहरु आएनन । कार्यालय प्रमुख उपसचिव सहिर दुई शाखा अधिकृत हुनु पर्नेमा हाल मालपोत कार्यालय उदयपुरमा १ जना शाखा अधिकृत नबराज खड्काले कार्यालय प्रमुखको जिम्मेबारी सम्हालिरहेका छन।

उनी बाहेक ६ जना नायब सुब्बा, ७ जना खरिदार, १ जना करार अनमी, १ जना ड्राइभर, ६ जना कार्यालय सहायक१ जना लेखापाल र१ जना स्विपर कर्मचारी कार्यरत छन । मालपोत कार्यालय उदयपुका नायब सुब्बा केशबप्रसाद आचार्यका अनुसार उपसचिव तहको कार्यालय प्रमुख हुनु पर्नेमा शाखा अधिकृतले कार्यालय सन्चालन गर्दा । ल केही प्राबिधिक समस्या हुने उनको दाबी छ ।

नासु केशब प्रसाद आचार्यको नेत्रुवमा काम मा समस्या बन्न सक्ने उनको अड्कल छ।तर कार्यालय प्रमुख नबराज खड्काका अनुसार कुनै समस्या नहुने बताए। मालपोत कार्यालयमा लाग्ने भिडको नियन्त्रण बारे पनि मालपोत कार्यालयले योजना बनाइरहेको छ ।



सम्पादकीय


# निजि बिधालय के होला

देशभरका निजि बिधालयहरु अहिले बन्दाबन्दिको अबस्थामा छ। उदयपुरका निजि बिधालयहरु पनि अछुतो रहेन । सहर बजार केन्द्रित बिधालयहरुले अनलाइन क्लास चलाइरहेको भनिय पनि त्यो प्रभाबकारी बनेको पाइएन। सबै बिद्यार्थीको हातमा इन्टरनेट र बिधुतित सामान ल्यापटप, कम्प्युटर र मोबाइल उपलबध नहुन सक्छ । मोबाइल भएमा पनि इन्टरनेटको समस्या हुन सक्छ। सबै बिद्यार्थी पहुचमा इन्टरनेट भएको खण्डमा पनि यो प्रबिधी सबैले नजान्न सक्छ। त्यसैले इन्टरनेट सेवा बाट पढ्ने पढाउने तरिका प्रभाबकारी नबन्न सक्छ ।

अहिले पछिल्लो समय सामुदायिक सरकारी बिधालयहरुले शैक्षिक स्तरमा वृद्धि गरे सङ्गै निजि बिधालयको शिक्षा मा कमि आएको छ । बिधालय भबन भाडामा संचालन गरेका निजि बिधालयहरु त बन्द नै हुने स्थितिमा छ । आफ्नै बिधालय भबन भएका बिधालयहरु पनि चल्न नसक्ने स्थितिमा छ। अहिले सम्म निजि बिधालयमा शिक्षण गर्ने शिक्षकहरुको स्थिती के छ भन्ने कुराको लेखाजोखा छैन। बिधालय संचालन हुदा त पेश्की तलब पाउने शिक्षकहरुले अहिले बन्द रहेको अबस्थामा अर्कै पेशा परिबर्तन गरिसकेका छन । उदयपुरमा रहेका निजि बिधालयहरुको अबस्था भनी साध्य छैन । एकातिर लकडाउन को असर अर्को तिर सामुदायिक सरकारी बिधालयले बिद्यार्थी तानिदिने कारण निजि बिधालय हरुको भबिष्य चिन्ताजनक छ।
अब फेरि निजि बिधालय हरु संचालन मा आए पनि पहिलेकै स्थितिमा आइपुग्न निक्कै चुनोउती मोल्नु पर्नेछ । नाफामुखी ब्याबाशायको रुपमा राज्यले लिएको निजि बिधालयहरु अब सेवामुखी बन्न पनि कठिन छ। बिधालय खोल्ने छाट काट छैन। पहिलेको बिधार्थी आउला कि आउदैन चिन्ताको बिषय उतिकै छ । निजि बिधालयहरु सचालन र निरन्तरताको लागि संचालकहरुले निक्कै मेहनत, लगानी गर्नुपर्ने देखिन्छ ।

# ५५ वर्ष माथिका उमेर समुहलाई कोरोनाविरुद्धको खोप लगाउन सुरु

❖ मुलुकी संबाददाता



सूचना ॥ सूचना ॥ सूचना ॥।

मिति २०७८ साल श्रावण ११ गते देखी सञ्चालन गर्ने कोभिड १९ विरुद्धको खोप कार्यक्रम तपसिल अनुसारको मिति र स्थानमा लगाइने कोभिड खोप समन्वय समिति तथा अनुगमन समितिको मिति २०७८।०४।१० को निर्णयानुसार अनुरोध छ ।
१. त्रियुगा न.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण ११ र १२ गते
२. उदयपुर अस्पताल श्रावण ११,१२ र १४ गते
३. त्रियुगा न.पा. भवन श्रावण ११,१२ र १३ गते
४. चौदण्डीगढी न.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण ११ र १२ गते
५. बेलका न.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण ११ र १२ गते
६. उदयपुरगढी न.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण ११ र १२ गते
७. रौतामाई गा.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण १३ र १४ गते
८. लिम्चुङबुङ गा.पा. अन्तरगतका स्वा.चौ.हरु श्रावण १३ र १४ गते
९. ताप्ली गा.पा. र कटारी न.पा. अन्तरगतका स्वा.चौ.र अस्पतालहरु श्रावण १२ र १३ गते

*उदयपुर, असार १०*

उदयपुरमा चीनबाट ल्याएको कोरोनाविरुद्धको भेरोसेल खोप भोलिबाट लगाइने छ।

जिल्ला स्वास्थ्य कार्यालयका उदयपुरका अनुसार ५५ वर्ष वा सो भन्दा माथिका पहिलो मात्रा खोप लगाउन बाँकी रहेका नागरीकहरुलाई खोप लगाइने छ । सार्वजनिक यातायातका चालक, सहचालक, शिक्षक, प्राध्यापक, वैदेशिक रोजगारीमा जान भिसा लागिसक्केका व्यक्ति, अत्यावश्यक सेवा अन्तर्गत खट्ने कर्मचारीलाई पनि खोप लगाइने स्वास्थ्य कार्यालयले जनाएको छ।

त्रियुगा नगरपालिका अन्तर्गतको स्वास्थ्य चौकीहरुमा साउन ११ र १२ गते, उदयपुर अस्पतालमा ११,१२ र १४ गते र त्रियुगा नगरपालिका भवनमा ११,१२,र १३ गते खोप लगाउने कार्यक्रम रहेको छ । उदयपुर अस्पतालमा १३ गते नियमित खोप सञ्चालन गर्नु पर्ने भएकाले कोरोनाको खोप १३ गते बन्द गरिने छ।

त्यस्तै, चौदण्डीगढी र बेलका नगरपालिका र उदयपुरगढी गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा ११ र १२ गते खोप लगाउने कार्यक्रम हरेको छ । ताप्ली र कटारीका स्वास्थ्य चौकी र अस्पतालहरुमा १२ र १३ गते खोप लगाईने छ । रौतामाई र लिम्चुङबुङका स्वास्थ्य चौकीहरुमा १३ र १४ गते खोप लगाउने कार्यत्रम रहेको स्वास्वास्थ्य कार्यालयले जनाएको छ।

खोप लगाउन आउदा अनिर्वायरुपमा उमेर खुल्ने कागजात, कार्यालयको परिचय पत्र लिएर आउन स्वास्थ्य कार्यालयले अनुरोध गरेको छ ।


## सस्तोमा गिफ्टका सामान र गुडीया

**खुवालुङ गुडीया सप्लार्यस**

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*



यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ । साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।



## बिके किराना पसल




३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित ।
गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल । गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर सँगै, उदयपुर ।

*प्रोपाइटर* - भरत चामलिङ राई

# अनलाईन कक्षाको शुल्क नलिन आग्रह

❖ मुलुकी संवाददाता

*उदयपुर, असार १०*

उदयपुरका ४ विद्यार्थी संगठनहरुले कोरोनाको बेला अनलाईन कक्षाको निउमा लुटिरहेको भन्दै यो कार्य तत्काल रोक्न सामुदायीक तथा निजि विद्यालयहरुलाई चेतावनी दिएको छ ।

आईतबार ४ ओटै संगठनका विद्यार्थीहरुले जिल्ला प्रशासन कार्यालय उदयपुरमा ज्ञापन पत्र बुझाउँदै बिभिन्न निउमा निजि तथा सामुदायीक विद्यालयहरुले लिरहेको चर्को शुल्क तत्काल बन्द गरियोस भन्दै पत्र बुझाएको हो ।

अनेरास्ववियु, अनेरास्ववियु (क्रान्तिकारी), अखिल क्रान्तीकारी र नेवि संघले एकबद्धताका साथ साहयक सिडियो विनोद पोखरेललाई पत्र बुझाएको छ ।उनिहरुले बिभिन्न १३ बुँदाहरुमा आफ्नो माग समेट्दै विद्यालयहरु शुल्कबारे नसच्चिय कडा आन्दोलनको तयारी गर्ने समेत जनाएको छ ।अनलाईन कक्षा प्रभावकारी हुन नसकिरहेको बेला विद्यार्थीहरु बाट भने चर्को शुल्क असुल्दै आएको संगठनहरुको आरोप छ ।


विद्यार्थीहरुले अनलाई नलिएको भएपनि शुल्क भने विद्यालयहरुले लिरहेको पत्रमा उल्लेख गरिएको छ ।

बिषेशगरी सामुदायीक तथा निजि विद्यालयहरुले बिभिन्न शिर्षकमा विद्यार्थीहरु संग उठाउने चर्को शुल्क बन्द गर्नु पर्ने संगठनले माग राखेको छ ।संगठनले बिषेशगरी विद्यालयहरुले शुल्कमा एकदमै ध्यान पुराउनु पर्ने भनिएको छ ।

अनलाईन कक्षाको शुल्क, परिक्षा शुल्क, पाठ्य पुस्तक, कोचिङ, ट्युसन, गाडीभाडा, खेलकुद, ल्याव लगायतको बिभिन्न शुल्कहरु अत्यादिक बढेको भन्दै यस्लाई रोक्न पत्रद्धारा सम्बन्धित क्षेत्रहरुलाई ध्यानाकर्षण गराएको हो ।

पत्रमा उल्लेखित अनुसार बिभिन्न बाहानामा चर्को शुल्क विद्यार्थीहरु बाट अशुल्दै आएको विद्यालयहरुलाई आरोप लागेको छ । यो तत्काल रोक्नु पर्छ विज्ञाप्तीमा भनिएको छ ।यता साहय प्रमुख जिल्ला अधिकारी पोखरेलले यो पत्र शैक्षिक क्षेत्रमा आबद्ध संघ संस्था, विद्यालय, अबिभावकहरु समक्ष पठाउने र सबै संग छलफलमा बसी समस्याको सामाधन गर्ने हिसावले माग अनुसारको छलफल गराउने बताउनुभयो ।

उहाँले पहिले वार्ता बाट जानु पर्ने र समस्या सुधार नआए सोही अनुसार कदम चाल्नु पर्ने बताउनुभयो ।


त्रियुगा उधोग वाणिज्य संघको अत्यन्त जरूरी सूचना

त्रियुगा उद्योग वाणिज्य संघ, उदयपुर
Shree Triyuga Chamber of Commerce & Industry, Udayapur
सदस्य :- नेपाल उद्योग वाणिज्य महासंघ
(स्थापना :- २०४८)
TCCI
प. सं. :- ०७८/०७९
च. नं. :-

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर
०३५-४२१५५५
Email : triyuga.cci@gmail.com

मिति : २०७८/४/०४

सूचना ! सूचना !! सूचना !!!

विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड १९ ले गर्दा नेपाल सरकारले लगाएको देशव्यापी लकडाउनका कारण सम्पुर्ण उद्योग व्यावसाय मारमा परेको यो अबस्थामा नेपाल सरकार लगायत स्थानिय निकायले समेत सदस्यता नविकरणमा छुट दिएको व्यवस्थालाई मध्यनजर गर्दै यस त्रियुगा उद्योग वाणिज्य संघको मिति २०७८ साल श्रावण ४ गते बसेको बैठको निर्णयानुसार आ.व.०७८/०७९ को सदस्यता नविकरणमा ५० प्रतिशतले छुट गरिएको व्यहोरा सम्पुर्णमा जानकारीका लागि यसै सुचना मार्फत सूचित गरिन्छ ।

त्रियुगा उद्योग वाणिज्य संघ
गाईघाट, उदयपुर

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा ।
ब्यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

गाईघाटे सेकुवा कर्नर...

सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक





| | |
|---|---|
| १, आलु रु ४० | १६, धनियाँ रु ८० |
| २, अदुवा रु १६० | १७, लोकल बोडी रु ८० |
| ३, टमाटर रु ६० | १८, खर्बुजा रु ४० |
| ४, बन्दा रु ६० | १९, रायो साग रु १०० |
| ५, भेन्टा रु ८० | २०, लट्टे साग रु ६० |
| ६, खुर्सानी रु २०० | २१, प्याज रु ७० |
| ७, मुला रु ६० | २२, निगुरो रु २५ |
| ८, पर्वल रु १०० | २३ दुध रु. ७० |
| ९, तितेकरेला रु ६० | २४, दही रु ९० |
| १०, भिन्डी रु ८० | २५, मोही रु ५० |
| ११, च्याउ रु २४० | २६, घ्यु रु ७०० |
| १२, काउली रु १६० | २७, राँगाको मासु रु ४०० |
| १३, पर्सी रु ५० | २८, बंगुरको मासु रु ४०० |
| १४, कटहर रु ४० | २९, खसीको मासु रु १,००० |
| १५, काँका रु ७० | स्रोतः तरकारी बजार व्यवस्थापन समिति |

नारायणी ग्यासको अधिकृत विक्रेता (डिलर),गाईघाट



यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान- गाईघाट, उदयपुर, पूर्वपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण ।

# मुख्य प्रशिक्षक अब्दुलाहको राजीनामा घोषण

❖ बिबेक राई

*गाईघाट, साउन १०*

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक अब्दुलाह अलमुतेइरीको राजीनामा घोषणाले आईतबार नेपाली फुटबल जगत तरंगित बनेको छ । कुवेती प्रशिक्षक अब्दुलाहले सामाजिक सञ्जालको प्रयोग गर्दै राजीनामा दिने घोषणा गरेका थिए । तर अखिल नेपाल फुटबल संघ (एन्फा) का सदस्य तथा प्रवक्ता किरण राईले भने उनको राजीनामा फेसबुकमा मात्र आएको कुरा मुलुकीलाई बताए । उनले अब्दुलाहको राजीनामा बारे कुनै लिखित पत्र वा आधिकारिक कुरा एन्फामा नआएको बताए ।

प्रशिक्षक अब्दुलाहले एन्फाका वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङको कारणले राजीनामा दिनु लागेको भनेर फेसबुकमा स्टाटस लेखेका छन् । उनले स्टाटसमा लेखेका छन् - प्रिय नेपाली फुटबलप्रेमीहरु, म एन्फामा गएर राजीनामा दिँदैछु, र मैले राजीनामा दिनुको कारण एन्फा वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङ हुन् । पछिल्ला तीन हप्तायता हरेकदिन जसो उनले मसँग नाटक गर्ने गरेका छन् । आशा छ अब तपाईं खुशी हुनुहुन्छ पंकज नेम्वाङ ।

उनले यस्तो स्टाटस लेखेपनि एन्फा दोस्रो उपाध्यक्ष नेम्वाङले उनीमाथि के त्यस्ता नाटक गरेका थिए भनेर चाँहि उनले खुलाएका छैनन् । यता वरिष्ठ उपाध्यक्ष नेम्वाङले भने प्रशिक्षक अब्दुलाहको यस्तो स्टाटस र राजीनामाले आश्चर्यमा परेको बताएका छन् । उनले प्रशिक्षक अब्दुलाहले मिडियालाई यसअघि बताएको कुरामाथि प्रश्न उठाउँदा अब्दुलाहले सो कदम चालेको अनुमान लाएका छन् । यसअघि प्रशिक्षक अब्दुलाहले मिडियालाई एन्फा पदाधिकारीको नेपाली खेलाडीमाथि राख्ने मानसिकतामा परिवर्तन भए खेलाडीको पनि समृद्धि हुने कुरा बताएका थिए । एन्फा पदाधिकारीको मानसिकताबारे मिडियामा कुरा गर्नु प्रशिक्षक अब्दुलाहको सम्झौताविपरित कार्य हो भनेर नेम्वाङले सहायक प्रशिक्षक किरण श्रेष्ठसँग कुरा पनि गरेको बताएका छन् । साथै उनले एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पालाई भेटेर आफूमाथि लागेको आरोपको प्रमाण र छानबिन हुनुपर्ने अनुरोध गरेका छन् । उनले आफूमाथि षडयन्त्र भएको महशुस गरेको बताएका छन् । प्रशिक्षक अब्दुलाहको भने छोटो समयमा नै नेपाली फुटबलमा राम्रो चर्चा भएको थियो ।

उनले युवा खेलाडीको साथै नयाँ अनुहारलाई मौका दिएपछि उनको चर्चा भएको थियो । उनको प्रशिक्षणमा नेपालले कुनै ठुलो सफलता हात नपारेपनि खेलाडीको खेल्ने शैली र खेलमा सुधार आएको भन्दै उनको चर्चा चुलिएको थियो । पछिल्लोपटक उनको प्रशिक्षणमा नेपालले कतार २०२२ विश्वकप छनौट र चीन २०२३ एएफसी एसियन कपको छनौट खेलेको थियो । त्यतिबेला नेपालले परिणाममा सुधार नल्याएपनि परिमाणमा सुधार ल्याएको थियो । खेल पहिलाझैं हारेपनि कम गोलअन्तरमा वा राम्रो खेलेर हारेको हुनाले उनको चर्चा भएको थियो ।

उता कनकाकाप गोल्डकपमा पहिलो सहभागितामा नै पाहुना टोली कतार सेमिफाइनल पुग्न सफल भएको छ । आईतबार बिहान भएको पहिलो क्वाटरफाइनलमा इल सालभाडोरलाई प्रतिस्पर्धात्मक रुपमा ३-२ ले पराजित गर्दै कतार सेमिफाइनल पुग्न सफल भएको हो । तीन हप्ताअघि भएको मैत्रीपूर्ण खेलमा १-० को जीत हातपार्दा गोल गरेका अलमोइज अलिले नै दोस्रो भेटमा फेरी महत्वपूर्ण भुमिका खेल्दै दुई गोल गरेपछि कतार जीत हातपार्न सफल भयो । आईतबार नै भएको दोस्रो क्वाटरफाइनलमा मेक्सीकोले होण्डुरसलाई ३-० ले पराजित गर्‍यो ।





त्रिनपा - ११ गाईघाट, उदयपुर, असारीरोड, लालिगुराक बोडिङदेखि पुर्व काका होटलसंगै जोडिएको। प्रोपाइटरः-**बिनोदकुमार पाण्डे** सम्पर्कः- ९८५२८३०५८२ *यहा स्वदेशी तथा विदेशी रक्सीहरु तथा विभिन्न ब्राण्डका पेय पदार्थहरु होलसेल मुल्यमा पाईन्छ।*

## गाडी रिजर्भ चाहिएमा



डाईभर नन्दु चौधरी
मो.न.९८४२९९०५४,
९८५२८३०५८२





## प्रियंका फैन्सी पसल


यहाँ सुपथ मुल्यमा साउन महिनाको सेट,कुर्ता, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ । स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड। सम्पर्क - ९८४२८७६६८४

## बिक्रिमा

## चलिरहेको होटल बिक्रिमा




गाइघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क -९८४२९९४३३०





माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट